बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं प्रदेश
नेपाल

नियमिक संख्या -०९
नियम

## बर्दघाट नगरपालिका

# बर्दघाट नगरपालिकाको सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका-२०७४

कार्यपालिकाबाट स्वीकृत मितिः -२०७४/१०/१८

नवलपरासी जिल्ला (बर्दघाट-सुस्ता पशिचम)

५ नं. प्रदेश, नेपाल

बर्दघाट नगरपालिकाको सुत्केरी पोषण कार्यक्रम सञ्चालन निर्देशिका, २०७४

प्रमाणिकरण गर्नेको दस्तखत:

नाम थर: धीरज शर्मा बस्याल
पद: प्रमुख
प्रमाणिकरण मिति: २०७४/१०/१८

# सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका-२०७४

**प्रस्तावना**

संघीय संरचना वमोजिम जनताको नजिकको सरकार स्थानीय सरकारले स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउन साथै गर्भवति महिला, सुत्केरी तथा छ महिना भन्दा कम उमेरका वच्चा भएका स्तनपान गराउने महिलाहरु कूपोशणको उच्च जोखीममा भएमा जन्मिने वच्चाहरु पनि कुपोशित हुने जोखिम वढी हुने भएकोले यस विषयलाई दृष्टिगत गर्दै कूपोषणको चक्रलाई तोड्न कल्याणकारी कार्यक्रम लागू गरी मानव विकासका सूचकाँकहरु हासिल गर्नकोलागि यो कार्यविधि तयार पारिएको छ। **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार** प्रयोग गरी बर्दघाट नगरपालिका कार्यालय नवलपरासीले ***सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका-२०७४*** तर्जुमा गरी लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यस निर्देशिकाको नाम **सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका-२०७४** रहेको छ।

ख) यो निर्देशिका आगामी नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गराउने गरी नगर कार्यपालिकाको कार्यालयको निर्णयबाट तुरुन्त लागू गरिने छ।

२. **परिभाषा**

विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस निर्देशिकामा

(क) “निर्देशिका” भन्नाले सुत्केरी पोषण कार्यक्रम सञ्चालन निर्देशिका-२०७४ बुझ्नुपर्छ।

(ख) “नगरपालिका” भन्नाले बर्दघाट नगरपालिका बुझ्नुपर्छ।

(ग) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बुझ्नुपर्छ।

धीरज शर्मा बस्याल
प्रमुख

(घ) "कोष" भन्नाले बर्दघाट नगरपालिकामा यस निर्देशिका बमोजिम गठन गरिएको सुत्केरी पोषण कार्यक्र सञ्चालन गर्न नगरसभाबाट विनियोजन भएको कोष बुझ्नुपर्दछ ।

(ङ) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम नगर कार्यपालिका लाई जनाउछ ।

## ३. निर्देशिकाको उद्देश्य

यस निर्देशिकाको उदेश्य देहाय वमोजिम हुने छ ।

क) सुत्केरीलाई भौतिक एवम् मनोवैज्ञानिक रुपमा सुरक्षित रहेको आभास दिलाउन ।

ख) स्थानीय तहलाई जनताको अभिभावकत्व तथा नजिकको सरकार भएको प्रत्याभूति दिलाउन ।

ग) समग्र स्वास्थ्य सरसफाई र पोषणको प्रवर्द्धन गर्न

घ) जीवन उपयोगी सिपमा आधारीत खाध्य व्यावाहार, सरसफाई, खोप लगायतका सूचकहरुमा उल्लेख्य सुधार ल्याउन ।

ङ) स्तनपान विधि र पुरक खानावारे जानकारी दिलाउन ।

च) मातृ तथा शिशुको पोषणको अवस्थामा सुधार ल्याउन ।

छ) स्वास्थ्य सँस्था वाहिर प्रशुती हुने दरमा कमी ल्याउन ।

ज) नगरपालिकाको सुत्केरी पोषण कार्यक्रमलाई पारर्शी तरीकाले संचालन गरी नगरपालिका क्षेत्रमा बसोबास गर्ने जनतालाई अत्याधिक मात्रामा सेवा दिई नगरपालिकाप्रति जनताको अपनत्व वृद्धी गर्ने ।

झ) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुरयाउने ।

ञ) नगरपालिकाको संस्थागत क्षमता विकास, आयोजना व्यवस्थापन र वित्तिय अनुसाशन कायम गर्ने

## ४. पोषण भत्ता प्राप्त गर्नको लागी आवश्यक शर्तहरु :

क) पोषण भत्ता कार्यक्रम मिति ०७४।०६।०७ गते पश्चात सुत्केरी भएकाको हकमा लागु हुनेछ ।

ख) जिवीत दोश्रो सन्तान सम्म सुत्केरी भएको महिलालाई प्रदान गरिनेछ ।

ग) बर्दघाट नगर भित्रको स्थायी बासीन्दालाई प्रदान गरिनेछ ।

धीरज शर्मा बस्याल
प्रमुख

घ) बच्चाको नगर भित्रको जन्मदर्ता, वडा कार्यालयको सिफारिस र खोप कार्डको प्रतिलिपी/ सुत्केरी हुनु पूर्व सुत्केरी आमाले सम्बन्धित स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गराएको कार्ड अनिवार्य पेश गर्नु पर्नेछ । आवश्यकता अनुसार सक्कल कागज समेत देखाउन पर्नेछ ।

ङ) भत्ता रकम सुत्केरीलाई प्रदान गरिनेछ ।

च) सुत्केरी आमाको मृत्यू वा मानसिक स्थिती ठिक नभएको वा अन्य जटिल शारिरीक समस्या सृजना भएको अवस्थामा वडा कार्यालयको सिफारिसमा वच्चाको स्याहार र हेरचाह गर्ने एकाघरको परिवारलाई प्रदान गरिनेछ ।

छ) सुत्केरी भत्ता लिन वडा कार्यालयको सिफारिस समेत पेश गर्नुपर्नेछ ।

ज) मृतक शिशुको जन्म भएमा वा जन्म दर्ता नगराउदै मृत्यु भएमा सो स्पष्ट व्यहोरा खुल्ने सम्बन्धित वडा कार्यालयको सिफारिसमा सुत्केरी आमालाई रकम उपलव्ध गराईनेछ ।

झ) जन्मेको ६० दिन भित्र जन्म दर्ताको प्रमाण सहित पेश गर्नु पर्ने छ तर आ.व.२०७४/०७५ को हकमा यस व्यवस्था लागू हुने छैन ।

**५. सुत्केरी पोषण कार्यक्रम संचालनका लागि जनशक्ति व्यवस्थाः**

क) सुत्केरी पोषण कार्यक्रम संचालन गर्नका लागि नगरपालिकाका वडा सचिवहरु, नगरपालिकाका सामाजिक सुरक्षा हेर्ने कर्मचारीहरु, स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरु, स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरु र महिला स्वास्थ्य स्वयमसेवीका तथा आवश्यकता अनुसार नगरपालिकाका अन्य कर्मचारीहरुलाई समेत परिचालन गरिनेछ ।

ख) सुत्केरी पोषण कार्यक्रममा खटिने कर्मचारीहरुको पारिश्रमिक तथा सुविधा नेपाल सरकारले तोकेको मापदण्ड वा नगरपालिकाले तोकेवमोजिम हुनेछ ।

**६ सुत्केरी पोषण कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने कार्यविधिः-**

क. सुत्केरी पोषण कार्यक्रम लिन चाहने व्यक्ति, अनुसूची-१ बमोजिमको ढाँचामा वडा कार्यालय समक्ष निवेदन दिनुपर्नेछ । यसरी प्राप्त निवेदनहरु रीत पूर्वक भए नभएको संलग्न कागजात रहे नरहेको एकीन गरी वडा कार्यालयले रकम निकासाकोलागि नगरपालिकामा पठाउनु पर्नेछ ।

ख. यसरी निवेदन प्राप्त हुन आएमा वा आवश्यक प्रकृया पुरा गरी निर्णय भएकाको हकमा सुत्केरी पोषण- कार्यक्रममा नियमानुसार रु.५००० रकम उपलब्ध गराईनेछ । यस किसिमको रकम

धीरज शर्मा बस्याल
प्रमुख

बर्दघाट नगरपालिकाको कार्यालय बर्दघाट, नवलपरासी

उपलब्ध गराउदा कुनै किसिमको कर समावेश गरिने छैन । प्रथम पटक नगरपालिकाबाट नै वितरण गर्ने कार्यको शुभारम्भ गरिने छ ।

ग. तोकिएको समयावधिको कार्य समय समाप्त भएपछि यो कार्यक्रमलाई स्वत: कार्यान्वयनमा विश्राम गराइने छ ।

घ) सुत्केरी पोषण कार्यक्रमको आन्तरिक खाता खोल्न सकिनेछ । उक्त खातामा नगरसभाबाट विनियोजन भएको रकमलाई जम्मा गरीने छ । खाता प्रमुख प्रशासकीय अधिकृत र लेखाअधिकृतको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

ङ) भत्ता वितरण प्रक्रिया नगरपालिकाको र सेवाग्राहीको सहजताअनुसार नगरपालिकाको वडा कार्यालयवाट वितरण गरिने छ ।

**७. सुत्केरी पोषण कार्यक्रम व्यवस्थापन सम्बन्धमा ।**

नगरपालिकामा सुत्केरी पोषण कार्यक्रम संचालन गर्न नगरसभाबाट विनियोजित भएको रकम वा अन्य दातृ निकाय, संघ संस्था एवम कार्यालयसंगको सहकार्यमा पोषणको क्षेत्रमा प्राप्त रकम बाट तपशिल वमोजिमका शिर्षकहरुमा बाहेक अन्य शीर्षकमा कुनै रकम खर्च गरिने छैन ।

१. सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्बन्धि कार्यहरु

२. सुत्केरीको लगत संकलन सम्बन्धि कार्यहरुमा

३. सुत्केरीको अभिलेखीकरणको क्षेत्रमा गरिने कार्यहरुमा

**८. सुत्केरी पोषण कार्यक्रम व्यवस्थापन तथा संचालन कोषको संचालन:**

क) सुत्केरी पोषण कार्यक्रम व्यवस्थापन तथा संचालन कोषको संचालन बर्दघाट नगरपालिकाको **आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित ऐन, २०७४** तथा अन्य प्रचलित कानून बमोजिम गरिने छ ।

ख) सुत्केरी पोषण कार्यक्रम व्यवस्थापन तथा संचालन कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

ग) सुत्केरी पोषण कार्यक्रम व्यवस्थापन तथा संचानलन कोषको लेखा परीक्षण नगरपालिकाको लेखा परीक्षण गराउँदाका बखत गराउनुपर्नेछ ।

धीरज शर्मा डल्याल
प्रमुख

**९. सुत्केरी पोषण कार्यक्रम को व्यवस्थापन तथा निर्देशक समितिको गठनः**

सुत्केरी पोषण कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनका देहाय वमोजिम सुत्केरी पोषण कार्यक्रम तथा व्यवस्थापन सञ्चालन समिति हुनेछ ।

क. श्री प्रमुख प्रशासकीय अधिकृत — संयोजक

ख. श्री आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

ग. श्री नगर कार्यपालिकाको सदस्य मध्ये एक जना महिला रहने गरी नगर प्रमुखले तोकेको दुई जना- — सदस्य

घ. श्री स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

**१०. निर्देशिकाको पालना :**

नगरपालिकाले यस निर्देशिकाका प्रावधानहरुको अतिरिक्त वजेट अख्तियारीमा तोकिएका शर्तहरु, मन्त्रालयवाट गरिएका परिपत्र एवं निर्देशन र निर्देशिकामा उल्लेखित प्रावधानहरुको समेत पालना गर्नु गराउनु पर्नेछ ।

**११. थपघट वा हेरफेर गर्न सक्ने :**

यस निर्देशिका कार्यान्वयनका शिलशिलामा कुनै वाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागी नगरपालिकाले यस निर्देशिकामा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**१२. संशोधन, खारेजी र वचाउः**

क) यस निर्देशिकामा उल्लेखित कुराहरुमा छुट हुन गई कुनै कुरा थप घट गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाले मात्र गर्न सक्नेछ ।

ख) यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग) यस अघि यस कार्यलयवाट कार्यालयको सुत्केरी पोषण कार्यक्रम संचालनका लागी भए गरेका प्रावधानहरु यसै निर्देशिका वमोजिम भए गरेको मानिनेछ ।

घ) यस निर्देशिकाका प्रावधानहरुलाई कार्यान्वयन गर्दा यस निर्देशिका लागु हुनु भन्दा अघि नगरसभावाट स्वीकृत भएका कार्यक्रम र वजेटलाई सोही अनुरुप संचालन गर्न यस निर्देशिकाले वाधा पुर्‍याएको मानिने छैन ।

घ) यस निर्देशिकाका कुनै प्रावधानहरु प्रचलित कानुन एवं ऐन नियमावलीसँग वाझिएमा वाझिएको हद सम्म अमान्य हुनेछ ।

समाप्त

धीरज शर्मा अर्याल
प्रमुख

अनुसूचि-१

# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश, नेपाल

फोटो

विषय : सुत्केरी पोषण भत्ता पाउँ ।

श्री:मान प्रमुख ज्यू
बर्दघाट नगरपालिका, नवलपरासी

म, मेरो परिवार मिति: .......................मा सुत्केरी भएकोले यस नगरपालिकाबाट प्रकाशित सूचनाको म्यादभित्र सुत्केरी महिलाको हैसियतले राहत प्राप्त गर्नकोलागि तपशिलको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. निवेदकको नाम: ..............................वावु:.......................बाजे: ..................पति/पत्नि..................
२. निवेदकको जन्म मिति:..............................नागरिकता नं. .....................जारी मिति: ......................
३. स्थायी ठेगाना: जिल्ला नवलपरासी बर्दघाट नगरपालिका वडा नं..........टोल..........................................
४. घर परिवार संख्या: ............ (महिला: ......... पुरुष :............) पेशा: ........................
५ नवजात शीशुको विवरण:
क) जन्म दर्ता नं.:.................... . ख) दर्ता मिति:...................................

६. क) जन्मेको किसिम: ........................ ख) सन्तान संख्या: ................

७. अन्य व्यहोरा : .....................................

यसमा लेखिएको व्यहोरा ठिक साँचो छ , झुठ्ठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला

औठाको छाप :

| दाया | वाया |
| --- | --- |
| | |

हस्ताक्षर:

निवेदकको नाम थर: ....................

मोवाईल नं. ....................

मिति:

धीरज शर्मा बस्याल
प्रमुख

अनुसूचि-१

# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश, नेपाल

फोटो

विषय : सुत्केरी पोषण भत्ता पाउँ ।

श्रीःमान प्रमुख ज्यू
बर्दघाट नगरपालिका, नवलपरासी

म, मेरो परिवार मितिः ......................मा सुत्केरी भएकोले यस नगरपालिकाबाट प्रकाशित सूचनाको म्यादभित्र सुत्केरी महिलाको हैसियतले राहत प्राप्त गर्नकोलागि तपशिलको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. निवेदकको नाम: ..................................बाबु:......................बाजे: ...................पति/पत्नि..................
२. निवेदकको जन्म मिति:...............................नागरिकता नं. .....................जारी मिति: .......................
३. स्थायी ठेगाना: जिल्ला नवलपरासी बर्दघाट नगरपालिका वडा नं..........टोल...........................................
४. घर परिवार संख्या: ............ (महिला: ......... पुरुष :............) पेशा: .........................
५ नवजात शीशुको विवरण:
क) जन्म दर्ता नं.:....................... . ख) दर्ता मिति:.................................
६. क) जन्मेको किसिम: ....................... ख) सन्तान संख्या: .................
७. अन्य व्यहोरा : ....................................

यसमा लेखिएको व्यहोरा ठिक साँचो छ , झुठ्ठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला

औठाको छाप :

| दाया | वाया |
|---|---|
| | |

हस्ताक्षर:
निवेदकको नाम थर: .....................
मोवाईल नं. .....................
मिति:

धीरज शर्मा बस्याल
प्रमुख

## बर्दघाट नगरपालिकाको सुत्केरी पोषण कार्यक्रम संचालन निर्देशिका २०७४ संसोधन सम्बन्धमा

४.पोषण भात प्राप्त गर्नको लागी आबस्यक सर्तहरु

हालको ब्यबस्था

क) पोषण भत्ता कार्यक्रम मिति २०७४/०६/०७ गते पश्चात् सुत्केभएकाको हकमा लागु हुनेछ।

ख) जीवित दोश्रो सन्तान सम्म सुत्केरी भएको महिलालाई प्रदान गरिने छ ।

ग) बर्दघाट नगरभित्रको स्थाई बासिन्दालाई प्रदान गरिने छ ।

घ) नगरभित्रको जन्मदर्ता ,वडा कायको सिफारिस ,र खोप कार्डको फोटोकपी /सुत्केरी हुनु पूर्ब सुत्केरी आमाले सम्बधित स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गराएको कार्ड अनिबार्य पेश गरगर्नु पर्ने|आबस्यकता अनुसार सक्कल कागज समेत देखाउन पर्ने छ ।

ङ) भत्ता रकम सुत्केरीलाई प्रदान गरिने छ ।

च) सुत्केरी आमाको मृत्यु वा मानसिक स्थिति ठिक नभएको वा अन्य जटिल शारीरिक समस्या सृजना भएको अबस्थामा वडा कार्यलयको सिफारिसमा बच्चाको स्याहार र हेरचाह गर्ने एकाघरको परिवारलाई प्रदान गरिने छ ।

छ) सुत्केरी भत्ता लिन वडा कार्यालयको सिफारिस समेत पेश गर्नुपर्नेछ ।

ज) मृतक शिशुको जन्म भएमा वा जन्म दर्ता नगराउदै मृत्यु भएमा सो स्पस्ट व्यहोरा खुल्ने सम्बन्धित वडा कार्यालयको सिफारिसमा सुत्केरी आमालाई रकम उपलब्ध गराइने छ ।

झ) जन्मेको ६० दिन भित्र जन्म दर्ताको प्रमाण सहित पेश गर्नु पर्ने छ तर आ.ब.२०७४/७५ को हकमा यस ब्यबस्था लागु हुने छैन ।

संसोधन गरिएको

क) यस बर्दघाट नगरपालिका बाट दिईदै आएको सुत्केरी पोषण भत्ता बर्दघाट नगर पालिकाको स्थायी रुपमा बसोबास गर्ने नागरिक ,जीवित दोश्रो सन्तान जन्माउने सुत्केरी महिलालाई प्रदान गरिने छ ।

ख) बच्चाको बर्दघाट भित्रको जन्म दर्ता र स्वास्थ्य संस्थाको बर्थ सर्टिफिकेट अनिबार्य पेस गर्नु पर्नेछ साथै आबस्यकता परेमा खोप कार्ड ,गर्भवती जांच पूर्जाको फोटोकपी समेत पेश गर्नु पर्नेछ ।

ग) सुत्केरी पोषण भत्ता रकम सुत्केरी महिला स्वयम्लाई प्रदान गर्नु पर्नेछ तर सुत्केरी आमाको मृत्यू भएमा,मानसिक अबस्था ठिक नभएमा वा जटिल शारीरिक समस्या सृजना भएमा अथवा भौतिक रुपमा आफु उपस्थित हुन नसकेको अबस्थामा एकाघरको जिम्मेवार परिवारको सदस्यलाई प्रदान गरिने छ|

घ) मृत शिशु जन्मेमा वा जन्म दर्ता नगराउदै मृत्यु भएमा स्पष्ट खुल्ने सम्बन्धित स्वास्थ्य संस्थाको कागजपत्र र निबेदन पेश गरेको स्वास्थ्य संस्थाको संचालन तथा ब्यबस्थापन समितिको अध्यक्षको सिफारिसमा सुत्केरी आमालाई रकम उपलब्ध गराइने छ |

ङ) बच्चा जन्मेको ६० दिनभित्र निबेदन आफ्नो वडा भित्रको /वडा हेर्ने स्वास्थ्य संस्थामा पेस गर्नुपर्नेछ र भुक्तानि पनी सोहि स्वास्थ्य संस्थाले गर्नेछ |तर स्वास्थ्य संस्थाले भुक्तानी गर्न नसकेको अबस्थामा सम्बन्धित वडा कार्यालयबाट प्रदान गरिने छ |

च) सुत्केरी पोषण भत्ता यस बर्दघाट नगरपालिका भित्रकै प्रसुती केन्द्रमा सुत्केरी भएका वा स्थानीय स्वास्थ्य संस्थाले जटिल भनि प्रेषण गरेका तथा स्थानीय स्वास्थ्य संस्थाले प्रेषण गरि आमा सुरक्षा कार्यक्रम लागु भएका अस्पतालमा गइ सल्यक्रिया (OPERATION) गरि बच्चा जन्माउने लाई मात्र प्रदान गरिने छ |

<u>संसोधन गर्नुको कारण</u>

घरमा प्रसुती हुने दरलाई न्यून गर्न |असुरक्षित तरिकाले सुत्केरी हुने कार्य लाई निरुत्साहित गरि आमा र बच्चाको स्वास्थ्यमा सुधार ल्याउन |स्वास्थ्यकर्मी र सेवाग्राही बीच सुमधुर सम्बन्धको बिकाश गर्न |